# सम्बत् २०७७ साल असोज ८ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | अर्थ मन्त्रालय | ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाको लागि विश्व बैंकबाट प्राप्त हुने अमेरिकी डलर ८० मिलियन (करिब रु ९ अर्व ३८ करोड) सहलियतपूर्ण ऋण सहायताको सम्वन्धमा नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा ५ सदस्यीय वार्ता टोली गठन गर्ने। |
| २. | अर्थ मन्त्रालय | एशियाली विकास बैंकवाट South Asia Sub regional Economic Cooperation Airport Capacity Enhancement Project को लागि प्राप्त हुने १५० मिलियन अमेरिकी डलर (करीव १८ अर्व नेपाली रुपैया) बरावरको सहुलियतपूर्ण ऋण सहायता प्राप्तिका लागि उक्त बैंकसँग वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा ७ सदस्यीय वार्ता टोली गठन गर्ने। |
| ३. | अर्थ मन्त्रालय | नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम (तेस्रो) का लागि बेलायत सरकारले उपलब्ध गराउने थप अनुदान करिब रु. ३ अर्ब ५२ करोड (२२.५ मिलियन पाउण्ड स्टर्लिङ्ग) बराबरको आर्थिक तथा प्राविधिक सहायता स्वीकार गर्ने। |
| ४. | अर्थ मन्त्रालय | विश्व वातावरण सुविधा (जि.इ.एफ.) बाट प्रकृतिका लागि विश्वव्यापी कोष (डव्लु.डव्लु.एफ.) तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युन.एन.डि.पि.) को सहयोगमा वन तथा वातावरण मन्त्रालयवाट कार्यान्वयन गर्ने गरी क्रमश Integrated Landscape Management to Secure Nepal's Protected Areas and Critical Corridors आयोजनाका लागि अमेरिकी डलर ६.६९ मिलियन र Developing Climate Resilient Livelihood in Vulnerable Watershed in Nepal आयोजनाका लागि अमेरिकी डलर ७ मिलियन गरी अमेरिकी डलर १३.६९ मिलियन तथा युन.एन.डि.पि.बाट Developing Climate Resilient Livelihood in Vulnerable Watershed in Nepal आयोजनामा Co-financing को रुपमा अमेरिकी डलर ०.९ मिलियन गरी जम्मा अमेरिकी डलर १४.५९ मिलियन (करिब रु. १ अर्व ७५ करोड) अनुदान सहायता स्वीकार गर्ने। |
| ५. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७७ जारी गर्न नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। |
| ६. | गृह मन्त्रालय | सशस्त्र प्रहरी बल, नेपालको गोताखोर तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीलाई उद्धार कार्यमा खटिएको दिनको रु.३००।- का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने र गोताखोर सशस्त्र प्रहरी कर्मचारीलाई रु.१० लाख सम्मको विशेष बिमा गर्ने व्यवस्था मिलाउने। |
| ७. | गृह मन्त्रालय | नेपाली सेनाका प्रमुख सेनानी श्री राजेन्द्र पन्तलाई Government of Lebanon, Lebanese Republic को Ministry of National Defense बाट प्रदान गरिएको विभूषण "The Military Appreciation Medal of Silver Degree" र श्री रमेश नाथ पाण्डेलाई जापान सरकारबाट सम्मान गरिएको विभूषण "The Order of Japan (Grand Cordon of the Rising Sun)" ग्रहण गर्न स्वीकृति दिने। |
| ८. | गृह मन्त्रालय | ईन्टरपोल महासचिवालयबाट सन् २०२० डिसेम्बर ७ देखि ८ सम्म Abu Dhabi, United Arab Emirates मा आयोजना हुने महासभामा प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री र प्रहरी अतिरिक्त महानिरीक्षक हरि बहादुर पाललाई भाग लिन जान स्वीकृति दिने। |

| | | |
|---|---|---|
| ९. | गृह मन्त्रालय | तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७७ जारी गर्न नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। |
| १०. | रक्षा मन्त्रालय | नेपाली सेनाका प्राविधिक सहायक रथी शरदलाल श्रेष्ठ र प्राविधिक महासेनानी विकास पोखरेललाई बढुवा गरी पदस्थापन गर्ने र प्राविधिक सहायक रथी कमल बिक्रम शाहको सरूवा गर्ने। |
| ११. | रक्षा मन्त्रालय | नेपाली सेनाका प्राविधिक महासेनानी डा. भुवनराज कुँवरलाई प्राविधिक सहायक रथी र प्राविधिक प्रमुख सेनानी डा. नविनभक्त शाक्यलाई प्राविधिक महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने। |
| १२. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन (पहिलो संशोधन) आदेश, २०७७ स्वीकृत गर्ने। |
| १३. | अर्थ मन्त्रालय | कर्जा सुरक्षण (दोस्रो संशोधन) नियमावली, २०७७ स्वीकृत गर्ने । |
| १४. | अर्थ मन्त्रालय | आयोजनाको वहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ स्वीकृत गर्ने। |
| १५. | अर्थ मन्त्रालय | सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि (तेस्रो संशोधन), २०७७ स्वीकृत गर्ने। |
| १६. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | कञ्चनपुर जिल्ला वेदकोट नगरपालिकाभित्रको जग्गा नापजाँच समस्या समाधान समिति गठन आदेश, २०७७ स्वीकृत गर्ने। |
| १७. | गृह मन्त्रालय | नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७७ जारी गर्न नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। |
| १८. | गृह मन्त्रालय | प्रहरी (आठौं संशोधन) नियमावली, २०७७ स्वीकृत गर्ने। |